
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ २५ गते बिहीबार ❑ 8 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गण्डकी प्रदेशको आर्थिक बृद्धिदर अन्य प्रदेश भन्दा उच्च

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

गण्डकी प्रदेशको अन्य प्रदेशको भन्दा आर्थिक बृद्धि दर केही उच्च रहेको छ। नेपाल राष्ट्र बैंक पोखरा शाखाले दिएको तथ्याङ्क अनुसार प्रदेशको आर्थिक बृद्धिदर बागमती प्रदेश र राष्ट्रिय आर्थिक बृद्धि दर भन्दा केही उच्च रहेको छ।

चालु आर्थिक बर्ष २०७९/८० को चैत मसान्तरसम्म गण्डकी प्रदेशको ३.७४ प्रतिशत आर्थिक बृद्धिदर रहेको छ। चालु आर्थिक बर्ष २०७९/८० मा राष्ट्रिय आर्थिक बृद्धि दर हेर्दा २.१६ प्रतिशत रहेको छ भने बागमती प्रदेशको आर्थिक बृद्धिदर १.७७ प्रतिशत मात्र रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ। गण्डकी प्रदेशमा क, ख र ग बर्गका बैंकहरुको चैत मसान्तरसम्म कुल निक्षेप चालु आर्थिक बर्षको चैत मसान्तरसम्म ४ खर्ब ३९ अर्ब ७ करोड रहेको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयकी प्रधान सहायक तारा पोखरेलले बताइन्। गण्डकी प्रदेशका क, ख र ग बर्गका बैंक तथा वित्तीय संस्थाबाट ३ खर्ब ५१ अर्ब ९२ करोड प्रदेशमा कर्जा लगानी भएको उनले जनाइन। प्रदेशमा क बर्गका बैंकका शाखा ५ सय ९९, ख बर्गका बैंकका शाखा १ सय ९०, ग बर्गका बैंकका शाखा ३६ र घ बर्गका वित्तिय संस्थाको सङ्ख्या ५ सय ९९ रहेका छन्। गण्डकी प्रदेशमा निर्माणको क्षेत्रमा उक्त बैंकहरुले आर्थिक बर्षको चैत मसान्तरसम्ममा १३ अर्ब ३९ करोड लगानी भएको राष्ट्र बैंकले दिएको तथ्याङ्कमा उल्लेख गरिएको छ। प्रदेशमा उर्जाको क्षेत्रमा ५८ करोड मात्र लगानी भएको उल्लेख गरिएको छ यद्यपी प्रदेशमा भएका बैंकहरुले केहीले केन्द्रबाटै कर्जा लगानी गरेको कारण प्रदेशमा यसको लगानी कम देखिएको बैंकर्सहरुले बताउछन्।

गण्डकी प्रदेशमा सेवा क्षेत्रमा भने २ खर्ब ६६ अर्ब ९६ करोड लगानी भएको राष्ट्र बैंक पोखरा कार्यालयले जनाएको छ।

चालु आर्थिक बर्ष २०७९/८० को चैत मसान्तरसम्म गण्डकी प्रदेशको ९ प्रतिशत कुल ग्रार्हस्थ उत्पादनमा योगदान रहेको छ। प्रदेशले ४ खर्ब ८२ अर्बको कुल ग्रार्हस्थ उत्पादनमा योगदान दिएको प्रधान सहायक पोखरेलले बताइन्। गण्डकी प्रदेशको प्रति व्यक्ति आम्दानी १ हजार ४ सय ९२ अमेरीकी डलर रहेको राष्ट्र बैंकले जनाएको छ।

गण्डकी प्रदेशका ८५ वटै पालिकामा बैंकको पहुच पुगेको छ। प्रदेशमा घ बर्गसम्मका बैंक तथा वित्तिय संस्थाको शाखा १ हजार ४ सय २४ वटा पुगेको राष्ट्र बैंकले जनाएको छ। पर्यटनको क्षेत्रमा गण्डकी प्रदेशमा भने १९ अर्ब ७९ करोड लगानी भएको छ।

गण्डकी प्रदेशमा ९.६९ प्रतिशत पर्यटन क्षेत्रमा लगानी भएको छ भने २ खर्ब ४ अर्ब १६ करोड राष्ट्रिय स्तरमा पर्यटनको क्षेत्रमा लगानी भएको छ। प्रदेशमा औधोगिक क्षेत्रमा ३५ अर्ब १२ करोड लगानी भएको राष्ट्र बैंकले जनाएको छ। गण्डकी प्रदेशमा सहुलियतपूर्ण कर्जा २९ अर्ब १५ करोड कर्जा लगानी भएको छ। कृषि, सेवा, उद्योग लगायतका १४ शिर्षकमा करिब ५ प्रतिशतको सहुलियतपूर्ण कर्जा लगानी भएको हो। कृषि क्षेत्र तर्फ प्रभाहित कर्जामा २९ अर्ब १८ करोड लगानी भएको राष्ट्र बैंकले जनाएको छ।

## गण्डकीमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

गण्डकी प्रदेश सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालित सामुदायिक विद्यालयमा 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम' सञ्चालन गर्न सहयोग गर्ने भएको छ।

सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा उक्त कुरा उल्लेख छ। प्रदेशभित्रका शैक्षिक संस्थाबाट सञ्चालन हुने प्राविधिक शिक्षाको विषय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बाट कार्यान्वयन भएका विषय र निजी शैक्षिक संस्थाबाट सञ्चालन गरिने विषयमा एकद्वार प्रणालीमार्फत प्राविधिक शिक्षालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न छाता ऐन बनाइने भएको छ। अतिविपन्न, दलित, अपाङ्गता भएका व्यक्ति, जेहेन्दार, द्वन्द्वपीडित र सहिद परिवारका सन्तति लक्षित समूहका विद्यार्थीको उच्च शिक्षामा पहुँच विस्तार र तह पूरा गर्ने दर वृद्धि गर्नका लागि छात्रवृत्ति कार्यविधि तयार गरी कार्यान्वयन गर्ने योजना छ।

गुरुकुल, गुम्बा, मदरसा, आश्रमलगायतका धार्मिक प्रकृतिका विद्यालय र वैकल्पिक विद्यालयलाई मूल प्रवाहमा ल्याउन आवश्यक व्यवस्था मिलाउने नीति तथा कार्यक्रममा उल्लेख छ। विद्यालयको पाठ्यक्रममा नैतिक शिक्षा, कला, भाषा, संस्कृति, संस्कार, वेशभूषा, जातजाति, इतिहास, प्राकृतिक, धार्मिक, पौराणिक, साहित्यिक, ऐतिहासिक, लैङ्गिक मूल प्रवाहीकरण र विपद् जोखिम व्यवस्थापनका विषयवस्तुलाई समावेश गर्न स्थानीय तहसँग समन्वय गर्ने सरकारको योजना छ। 'सामुदायिक क्याम्पससँग प्रदेश सरकार' कार्यक्रमअन्तर्गत प्रदेशमा रहेका सबै सामुदायिक क्याम्पसलाई क्षमता तथा कार्यसम्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाइने भएको छ।

बौद्धिक अपाङ्गता भएका बालबालिकाको शिक्षासम्बन्धी अधिकार सुनिश्चितताका लागि सङ्घीय सरकार र स्थानीय तहसँगको साझेदारीमा सुविधा सम्पन्न आवासीय विद्यालय निर्माण एवं सञ्चालनमा ल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ।

## एमालेमा ७० वर्ष उमेरहद हटाइयो

**रासस**
काठमाडौं, २४ जेठ

नेकपा (एमाले) केन्द्रीय कमिटीको उमेर हद हटाइएको छ। पार्टीको केन्द्रीय कार्यालय सचिव डा भीष्म अधिकारीले पार्टीको विधानमा रहेको केन्द्रीय कमिटीको ७० वर्षको उमेर हद हटाइएको जानकारी दिनुभयो।

यही वैशाख २८ देखि ३० गतेसम्म बसेको केन्द्रीय कमिटीको पाँचौं बैठकपछि पार्टीले हिजो (जेठ २३ गते) जारी गरेको अन्तरपार्टी निर्देशन-७ मा सो कुरा उल्लेख थियो।

यसअघि पार्टीमा रहने केन्द्रीय सदस्यको उमेरहद ७० वर्ष तोकिएको थियो। अन्तरपार्टी निर्देशन-७ को विविध निर्णयअन्तर्गत् केन्द्रीय कमिटीको उमेर हदसम्बन्धी व्यवस्थामा 'पार्टी विधानमा रहेको ७० वर्षको उमेर हद हाललाई निलम्बन गर्ने' उल्लेख गरिएको हो। गत २०७० मा भएको नवौं महाधिवेशनदेखि केन्द्रीय कमिटी सदस्यका लागि लाई ७० वर्ष उमेर हदबन्दी लागू गरिएको थियो। पार्टीले सचिवालय बैठक, स्थायी कमिटी बैठक र केन्द्रीय कमिटी बैठकका निर्णय समावेश गरेर यो अन्तरपार्टी निर्देशन-७ जारी गरेको हो। यसैगरी अन्तरपार्टी निर्देशनमा पार्टीका पदाधिकारी, स्थायी कमिटी सदस्य र केन्द्रीय कमिटीका नेताको जिम्मेवारी पनि हेरफेर गरिएको छ। अन्तरपार्टी निर्देशनमा सबै प्रदेश अधिवेशन आगामी भदौ महिनाभित्र आयोजना गर्ने उल्लेख गरिएको छ। असोजदेखि चैत महिनासम्ममा जिल्ला, पालिका, वडा र टोलटोलका अधिवेशन सम्पन्न गर्ने कार्यतालिका बनाउने उल्लेख गरिएको छ। यसैगरी प्रदेश कमिटीको कामको महत्वलाई ध्यानमा राखी अब निर्वाचित हुने सात प्रदेशका अध्यक्ष पदेन पोलिटब्यूरोसदस्य सरह हुने र केन्द्रीय कार्यालय सचिवलाई पदेन केन्द्रीय सदस्यको रूपमा बैठकमा सहभागी गराइने अन्तरपार्टी निर्देशनमा उल्लेख गरिएको छ। यस्तै पार्टीमा युवा आकर्षण र युवा सहभागिता विस्तार गर्न नयाँ अभियान सञ्चालन गर्ने र त्यसका लागि अधिवेशन र पुनःगठनका माध्यमबाट आधारभूत तहका कमिटीमा एक तिहाई सदस्य ३५ वर्ष मुनिका पार्टी सदस्यलाई सङ्गठित गर्नेगरी युवालक्षित अभियान सञ्चालन गर्ने पनि जनाइएको छ।

## गण्डकी प्रदेशको नीति तथा कार्यक्रममाथि छलफल जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

गण्डकी प्रदेश सरकारले सार्वजनिक गरेको आउँदो आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममाथि प्रदेशसभामा छलफल जारी छ। मङ्गलबारदेखि सुरु भएको छलफलमा बुधबार पनि प्रदेशसभा सदस्यले आफ्नो धारणा राख्नुभयो।

बुधबारको प्रदेशसभा बैठकमा बोल्ने सत्तापक्षका सदस्यले नीति तथा कार्यक्रम उत्कृष्ट रहेको औंल्याउनुभयो भने विपक्षी दलका सदस्यले नीति तथा कार्यक्रम महत्वकाङ्क्षी रहेको भन्दै कार्यान्वयन हुनेमा आशङ्का व्यक्त गर्नुभयो। नेपाली कांग्रेसका चम्पादेवी खड्काले नीति तथा कार्यक्रमले गण्डकी प्रदेशको विकास, समृद्धि र सुशासनको खाका तयार गरेको बताउनुभयो। उहाँले प्रदेशप्रतिको जिम्मेवारी र दायित्वबोध गर्दै सरकारले नागरिकमैत्री कार्यक्रम ल्याइएको उल्लेख गर्नुभयो। नेकपा (एमाले)का भीमबहादुर कार्कीले तथ्याङ्कमा आधारित वस्तुनिष्ठ कार्यक्रम आउन नसकेको बताउनुभयो। उहाँले छरिएर आएको नीति तथा कार्यक्रमले गन्तव्य पहिल्याउन नसकेको धारणा राख्नुभयो।

नेकपा (माओवादी केन्द्र) का हरिबहादुर भण्डारीलेप्रदेशका सबैखाले आवश्यकतालाई सम्बोधन गर्ने गरी नीति तथा कार्यक्रम आएको बताउनुभयो। उहाँले प्रदश सरकारको औचित्यमाथि प्रश्न उठिरहेका बेला जनआकाङ्क्षा पूरा गर्ने खालको बजेट र कार्यक्रम ल्याउनुपर्ने उल्लेख गर्नुभयो। वैज्ञानिक अध्ययन गरेर मात्र नदीजन्य पदार्थको उत्खनन गर्नुपर्ने उहाँले बताउनुभयो। प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले नागरिकले महसुस गर्नेगरी सरकारले नीति तथा कार्यक्रम ल्याएको बताउनुभयो। नागरिकलाई दुःखसुखको साथी प्रदेश सरकार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जिसस स्याङ्जाको गाडी दुर्घटना चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
वालिङ, २४ जेठ

जिल्ला समन्वय समिति स्याङ्जाको स्कारपियो दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-३ खोले भन्ने स्थानमा दुर्घटना हुँदा सवारी चालक स्याङ्जाको वालिङ-४ एलादीका ३५ वर्षीय अमृत खनालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी रवीन्द्र खनालले जानकारी दिनुभयो। स्याङ्जाको सिरुवारीबाट स्याङ्जा सदरमुकामतर्फ फर्कंदै गरेको बा१फ ५८७८ नम्बरको गाडीमा सवार अन्य तीन जना घाइते भएका छन्।

दुर्घटनामा परी जिल्ला समन्वय अधिकारी राजेन्द्र पौडेल, विद्युत् कार्यालय स्याङ्जाका सुपरभाइजर टीकाराम पौडेल र अम्बिका पौडेल घाइते हुनुभएको छ। गाडी सडकबाट तल खसेर दुर्घटना भएको हो। दुर्घटनाका बारेमा थप अनुसन्धान भइरहेको सूचना अधिकारी खनालले बताउनुभयो।

## पोखरामा 'ड्रागन बोट रेस फेस्टिभल'को तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

नेपाल र चीनबीचको सांस्कृतिक तथा जनस्तरसम्मको सम्बन्ध सुमधुर बनाउँदै नेपालमा चिनियाँ पर्यटक बढाउने उद्देश्यले पोखरामा पहिलोपटक 'नेपाल चीन फ्रेण्डसीप ड्रागन बोट रेस फेस्टिभल' हुने भएको छ।

नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा पर्यटकीय सहर पोखरामा बोट रेसको आयोजना गरिएको हो। आगामी असार ८ र ९ गते सञ्चालन हुने फेस्टिभलका लागि यहाँ तयारी सुरु गरिएको छ। फेवाताल किनार क्याम्पिङ चोकमा फेस्टिभल हुँदैछ।

पोखरा पर्यटन परिषद् र चाइनिज ओभरसिज एशोसिएसन पोखरा सो फेस्टिभलको सहयोगी संस्थाका रूपमा रहेका छन्। फेस्टिभलमा हुने डुङ्गा दौडका लागि चीनबाट आठवटा विशेष खालका डुङ्गा पोखरा ल्याएर परीक्षण सुरु गरिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार चिनियाँ चार र नेपाली चार गरी आठ टोलीबीच डुङ्गा दौड प्रतियोगिता हुनेछ। दौड पाँच सय र एक हजार मिटरको हुनेछ। सो फेस्टिभलमा चीनबाट विशिष्ट पाहुनाको सहभागिता रहने बताइन्छ। परिषद्का अध्यक्ष श्रेष्ठले कार्यक्रमबाट पोखराको प्रवर्द्धनमा महत्वपूर्ण हुने बताउनुभयो। उहाँले भन्नुभयो, "पोखरा चिनियाँ पाहुनाको रोजाइको गन्तव्य भएको हो। फेवातालमा फेस्टिभल आयोजना गर्दा त्यसले भविष्यमा अझै बढी चिनियाँ पाहुना ल्याउन सहयोग पुग्दछ।" फेस्टिभलमा नेपाली, चिनियाँ खाना, चिनियाँ सांस्कृतिक कार्यक्रम फेस्टिभलको आकर्षण रहने अध्यक्ष श्रेष्ठले बताउनुभयो। नेपाल-चाइना ड्रागन बोट रेस फेस्टिभलमा सहभागिताका लागि ६० जना खेलाडीसहित दुई सय ६० जना विमान चार्टर्ड गरेर पोखरा आउने छन्।

गत पुस १७ गते उद्घाटन गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा सो चिनियाँ टोली उत्रनेछ। सोही कार्यक्रमका लागि दुईवटा चार्टर्ड विमान चीनबाट पोखरा आउने तयारी छ। फेस्टिभलका लागि रु दुई करोड ५० लाख खर्च लाग्ने अनुमान गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुर्रा राँगो: भैँसीको नश्ल सुधारका लागि विशेष योगदान

**बासुदेव पौडेल**
गण्डकी, २४ जेठ



भारत सरकारको सहयोगमा नेपालमा ल्याउन लागिएका उन्नत जातका मुर्रा राँगो भैँसीको नश्ल सुधारका लागि महत्वपूर्ण उपलब्धि हुने विश्वास लिइएको छ।

दूध उत्पादन वृद्धिमा नश्ल सुधारको विशिष्ट महत्व हुने अवस्थालाई दृष्टिगत गर्दै नेपालमा २०६९ सालबाट पशुको कृतिम गर्भाधानको राष्ट्रिय अभियान थालिएको थियो । त्यसयता पोखरा, लहान र नेपालगञ्जमा पशु प्रजनन कार्यालयमार्फत पशुको नश्ल सुधारका लागि वीर्य सङ्कलन गरी देशका विभिन्न जिल्लामा पठाउने गरिएको छ।

का र्या ल य मा र्फ त गाईभैँसी र बाख्राको शुद्ध नश्ल सुधारका लागि वीर्य सङ्कलन गर्दै आइएको राष्ट्रिय पशु प्रजनन कार्यालय पोखराका प्रमुख डा जगदीश पाण्डेयले जानकारी दिनुभयो । उहाँका अनुसार अघिल्लो वर्ष पोखरा कार्यालयबाट मात्रै करिब छ लाख डोज वीर्य सङ्कलन गरेर विभिन्न जिल्लामा पठाइएको थियो । त्यसवर्ष लहान कार्यालयबाट तीन लाख डोज र नेपालगञ्ज कार्यालयबाट ५० हजार डोज वीर्य वितरण गरिएको थियो। पोखरा कार्यालयले वीर्य सङ्कलन एवम् वितरणबाट वार्षिक तीन करोड ९६ लाख राजस्व सङ्कलन गरेको उहाँले बताउनुभयो । कार्यालयले अघिल्लो वर्षको तुलनामा यसवर्ष ३३ प्रतिशत डोज वीर्य थप्ने उद्देश्य राखेको छ।

अघिल्लो वर्ष गाईभैँसी र बाख्रा गरी पाँच लाख ७१ हजार डोज वीर्य सङ्कलन गरिएको थियो। जसबाट रु पाँच करोडको हाराहारीमा राजस्व सङ्कलन हुने अनुमान गरिएको छ। चालु आवको चैतसम्म रु तीन करोड सङ्कलन भइसकेको जनाइएको छ। पछिल्ला समयमा नश्ल सुधारसँगै किसान पाडापाडी, बाच्छाबाच्छी हुर्काउनेतर्फ लागेको डा पाण्डेय बताउनुहुन्छ। नश्ल सुधारले हिजोप्रति बेत ७००/८०० लिटर दूध दिने भैँसीले अहिले २७/२८ सय लिटरसम्म दूध दिन थालेको उहाँले बताउनुभयो । भैँसीमा बंश सुधार कार्यक्रमले प्रतिवेत ३८/३९ सय लिटरसम्म दूध दिन थालेको जानकारी दिँदै उहाँले भारतबाट ल्याउने भनिएका मुर्रा प्रतिवेत चार हजारदेखि चार हजार दुई सय लिटरसम्म दूध दिने उहाँले बताउनुभयो । भैँसीले प्रतिवेत औसतमा ३०५ दिन दूध दिने अनुमान गरिन्छ। "वर्षौंदेखिको नश्ल सुधारको प्रयासका लागि मुर्रा जातका राँगा आउन लागेको हो", उहाँले भन्नुभयो, "जेनेटिक मेटेरियल आउनु सामान्य कुरा होइन, यो आफैँमा अमूल्य छ।" मुर्रा आउने भएसँगै पोखरा कार्यालयले तिनीहरूको व्यवस्थापन गर्ने विषयलाई प्राथमिकताका साथ अघि बढाएको छ । नश्ल सुधार प्रयोजनका लागि ल्याइने पशुलाई ल्याइसकेपछि २१ दिन क्वारेन्टिनमा राख्ने प्रचलन छ। आउन लागेका मुर्रा राँगाका लागि क्वारेनटिइन सेलहरू तयार गरिसकेको र गोठ तयारी अवस्थामा रहेको उहाँले बताउनुभयो । अन्य देशबाट ल्याउदा आवश्यक प्रक्रिया अपनाउनुपर्ने बताउँदै उहाँले सुरुमा प्राविधिक टोली पुगेर ल्याउन लागिएका मुर्राबारे आवश्यक जाँचबुझ गर्ने जानकारी दिनुभयो । प्राविधिक टोलीले ल्याउन लागिएका राँगमा कुनै रोग छ वा छैन, अण्डकोषको अवस्था कस्तो छ, कसरी हिँड्छ आदिबारे पूर्णरूपमा जानकारी लिने र रोग नभएका अवस्थामा सम्बन्धित देशको आधिकारिक पशु चिकित्सकबाट प्रमाणित गरेर मात्रै ल्याउने प्रचलन छ । डेढ महिनाभित्रमा आउने भनिए पनि यकिन मिति भने तय नभएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार पोखरामा हाल रहेका १२ वटा राँगोमध्ये आठ वटाबाट वीर्य सङ्कलन भइरहेको छ । पोखरास्थित पशुप्रजनन कार्यालयमा ५८ वटा साँढे र राँगा छन्। जसमध्ये ३१ वटाबाट वीर्य सङ्कलन भइरहेको र २७ वटा हुर्कंदो अवस्थाका छन् । नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (एनएलएसआईपी) को सहयोगमा अमेरिकाबाट ल्याइएका छवटा साँढेमध्ये पोखरामा चारवटा रहेको र तिनीहरूबाट हप्ताको दुई दिन वीर्य सङ्कलन गर्दै आएको छ।

किसानलाई पशुको शुद्ध नश्लका बारेमा जानकारी गराउँदै तिनीहरूको संरक्षण र प्रवर्द्धन गरी पशुजन्य वस्तुमा राज्यलाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ आयोजनाले काम गरिरहेको कृषि-अर्थ विज्ञ सुशील खड्काले जानकारी दिनुभयो । तत्कालीन समयमा पहिलो पटक नेपालमा राणा प्रधानमन्त्री जङ्गबहादुरका पालामा नश्ल सुधारको उद्देश्यका साथ जर्सी बहर ल्याइएको इतिहास छ । त्यसयता औपचारिक रूपमा एनएलएस आइपी आयोजनामार्फत अमेरिकाबाट साँढे ल्याइएको थियो। नेपालमा भारत सरकारको सहयोगमा ल्याउन लागिएका मुर्रा राँगा उत्पादकत्व वृद्धिका लागि महत्वपूर्ण हुने खड्काले बताउनुभयो । "नेपालमा हाल थोरै मात्रामा दूध दिने भैँसी छन्", उहाँले भन्नुभयो, "भारतबाट ल्याउन लागिएका मुर्रा राँगोको वीर्यबाट जन्मने पाडीहरूको दूध दिने क्षमता बढी हुन्छ।"

# गण्डकी...

हो भन्ने अनुभूति दिलाउनुपर्ने उहाँले बताउनुभयो।

'समन्नुत गण्डकी प्रदेश, सम्मानित प्रदेशवासी' आदर्श वाक्यको व्यावहारिक कार्यान्वयन हुने गरी बजेटमा सम्बोधन हुनुपर्ने उहाँले उल्लेख गर्नुभयो । प्रदेशसभा सदस्य विकल शेरचनले सरकारले लोककल्याणकारी कार्यक्रम घोषणा गरेको बताउनुभयो । उहाँले नीति तथा कार्यक्रमले समृद्ध प्रदेशको दिशाबोध गरेको धारणा राख्नुभयो। नेकपा (एमाले)का रोशनबहादुर गाहा थापाले नीति तथा कार्यक्रम कार्यान्वयनका लागि स्रोत र विधि स्पष्ट नभएको बताउनुभयो। उहाँले महत्वकाङ्क्षी र एकाङ्की खालका कार्यक्रम समेटिएकाले कार्यान्वयन हुनेमा विश्वास गर्न नसकिने उल्लेख गर्नुभयो । प्रदेशसभा सदस्य पद्ममा जिसी श्रेष्ठले सरकारले ठोस, मूर्त र जनमुखी कार्यक्रम ल्याउन नसकेको बताउनुभयो। कतिपय आवधिक योजनाका कार्यक्रमलाई निरन्तरता दिन नसकेको उहाँले बताउनुभयो । प्रदेश सरकारको नीति तथा कार्यक्रमले विद्यमान समस्याको समाधान दिन नसक्ने प्रदेशसभा सदस्य श्रेष्ठले उल्लेख गर्नुभयो।

प्रदेशसभा सदस्य भक्तबहादुर कुँवरले नीति तथा कार्यक्रम राम्रो आए पनि बजेटले कसरी समेट्छ भन्ने विषय महत्वपूर्ण हुने बताउनुभयो । उहाँले स्रोत पहिचान नगरी अमूर्त ढङ्गले नीति तथा कार्यक्रम तुर्जमा गरिएको धारणा राख्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका पञ्चराम गुरुङले नीति तथा कार्यक्रमको व्यावहारिक कार्यान्वयन चुनौतीपूर्ण रहेको बताउनुभयो । उहाँले स्रोतमा आधारित रहेर यथार्थपरक बजेट ल्याउन सरकारलाई सुझाव दिनुभयो । प्रदेशसभा बैठकमा प्रदेशसभा सदस्य प्रकाश बराल, डिल्लीराम सुवेदीलगायत २० जना सदस्यले नीति तथा कार्यक्रममाथि आफ्नो धारणा राख्नुभएको थियो । बिहीबारको बैठकमा थप छलफलपछि पारितका लागि नीति तथा कार्यक्रम प्रदेशसभामा पेस हुने जनाइएको छ । प्रदेश प्रमुख पृथ्वीमान गुरुङले यही जेठ २१ गतेको प्रदेशसभा बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

# एमालेमा सवा लाख नयाँ सदस्यताको आवेदन

**रासस**
काठमाडौं, २४ जेठ

नेकपा (एमाले) ले सञ्चालन गरेको 'मिसन ग्रासरुट' अभियानका अवधिमा एक लाख १९ हजार ९६ नयाँ सदस्यताको आवेदन परेको छ। गत मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा अपेक्षित नतिजा नआएपछि एमालेले पार्टी सुदृढीकरणका लागि गत फागुन ५ देखि वैशाख ९ गतेसम्म 'मिसन ग्रासरुट' सञ्चालन गरेको थियो।

पार्टीका माथिल्ला र तल्ला कमिटीका नेता तथा कमिटी परिचालित सो अभियानका क्रममा उक्त सङ्ख्यामा नयाँ सदस्यताको आवेदन परेको हो।

# पर्यटकलाई आकषर्ण गर्दैं चाइनिज गार्डेन रेष्टुरेन्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ



पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माण भएसंगै यस क्षेत्रका होटल तथा रेष्टुरेण्टहरुले आफ्नो सेवा विस्तार तथा स्तरोउन्नती गरेका छन्।

कोरोनाको कारण पोखराको लेकसाइड क्षेत्रमा केही कोरीयन रेष्टुरेण्टहरु बन्द भएभने केही रेष्टुरेण्ट तथा होटलहरुले आफ्नो सेवा विस्तार तथा स्तरोउन्ती गर्न तर्फ लागेका थिए। यसैबिच पोखराको पुरानो चाइनिज गार्डेन रेष्टुरेन्टले पनि हाल आफ्नो सेवा विस्तारसंगै स्तरोउन्नती समेत गरी नयाँ ढंगले पुनः सेवा संचालन गरेको छ । रेष्टुरेण्टको सेवा विस्तार सहितको स्तरोउन्नती गर्न केही समय बन्द रहेको उक्त रेष्टुरेण्ट हालै पुनः संचालनमा आएको हो। पोखरामा चाइनिज पर्यटकलाई आकषर्ण गर्न आफ्नो सेवामा विस्तार सहित स्तरोउन्नती गरेको रेष्टुरेण्ट संचालक चाङले बताए । उक्त रेष्टुरेण्टको स्तरोउन्नती गर्दा मात्र करिब २ करोड ५० लाख थप लगानी भएको उनले बताए।

पोखरामा बिगत १५ वर्षदेखि सञ्चालन हुदै आएको उक्त रेष्टुरेन्टले चिनियाँ स्वादका विभिन्न परिकार पस्कदै आइ रहेको छ भने विश्वका अधिकांशले रुचाएको चिनिया स्वादका खाना पोखरामा उपलब्ध गराउदै आएको हो । चिनियाँ पर्यटकसँगै चिनियाँ राजदूत, चीनबाट आउने उच्च अधिकारीको रोजाईमा उक्त रेष्टुरेन्ट पर्ने गरेको चाङको दाबी छ। पछिल्लो समय नयाँ व्यवस्थापन तथा सेवा सुविधा समेत थप गरेर रेष्टुरेन्टले लगानी विस्तार गरेको संचालक चाङले जनाए । उनले भने "हाइजेनिक खाना पस्कन हामीले खुल्ला किचन तयार गरेका छौं, हरेक टेवलमा हटपट खानाको लागि ग्याँस समेत जडान गर्ने छौं।" ग्राहकको सेवाका लागि ७० जना क्षमताको हलको सुविधासमेत रहेको चाङले बताए । रेण्टुरेण्टमा सानो मिटिङका लागि भिआइपी हल समेत रहेको छ । उनले काठमाडौंको याक एण्ड यतिमा पनि सेफ भएर केही बर्ष काम गरेका थिए। कोभिडको समयमा चीनबाट स्वास्थ्य सामग्री ल्याउन तथा विभिन्न सामाजि कार्यमा उनले भूमिका खेल्दै आएका छन्। ओभरसिज चाइनिज एसोसिएसन पोखराका अध्यक्ष समेत रहेका चाङले नेपाल र चाइना बिचको सम्बन्ध थप प्रगाड पार्न भुमिका खेल्दै आएको पोखराका पर्यटन व्यवसायीहरुले बताएका छन् । स्थानिय उत्पादनलाई समेत प्रथामिकता दिने गरेको उनले बताए।

# दमौलीमा राष्ट्रिय साहित्य सम्मेलन हुने

**पोखरापत्र संवाददाता**
वालिङ, २४ जेठ

गण्डकी वाङ्मय प्रतिष्ठान तनहुँको आयोजनामा दमौलीमा राष्ट्रियस्तरको साहित्य सम्मेलन हुने भएको छ।

साहित्यको संरक्षण, प्रवर्द्धन र व्यासभूमि दमौलीको प्रचार-प्रसार गर्ने उद्देश्यसहित वाङ्मय प्रतिष्ठानले राष्ट्रियस्तरको साहित्य सम्मेलन गर्न लागेको हो।

आगामी जेठ २६ र २७ गते साहित्य सम्मेलन तथा कविता प्रतियोगिता आयोजना गरिएको प्रतिष्ठानका अध्यक्ष अर्जुन अधिकारीले जानकारी दिनुभयो। अधिकारीका अनुसार उक्त कार्यक्रममा प्रथम हुनेलाई रु ५५ हजार, द्वितीय हुनेलाई रु ४० हजार र तृतीय हुनेलाई रु २५ हजार र सान्त्वना हुने छ जनालाई जनही रु १० हजारका दरले पुरस्कार प्रदान गरिने छ। "साहित्य सम्मेलनमा सहभागी हुन आउनेलाई व्यासभूमिको भ्रमण पनि गराउँछौं, यसले गर्दा व्यासभूमिको प्रचार-प्रसारमा सहयोग पुग्छ", अधिकारीले भन्नुभयो । व्यासको जन्म दमौलीमा भएको विभिन्न तथ्यले प्रमाणित गरे पनि प्रचार-प्रसार नहुँदा व्यासभूमि ओझेलमा पर्दै आएको अधिकारीले बताउनुभयो । साहित्य सम्मेलनलाई सफल बनाउन प्रतिष्ठानले प्रचार-प्रसारको कामलाई अन्तिम चरणमा पुऱ्याएको छ। उहाँले भन्नुभयो, "साहित्य सम्मेलनलाई सभ्य र भव्यरूपमा सम्पन्न गराउन विभिन्न स्थानीय तहसँग आर्थिक सहयोग माग गरेका छौँ । स्थानीय तहबाट सहयोगको प्रतिबद्धता आएको छ।"

प्रतिष्ठानले हरेक महिना काव्य वाचन कार्यक्रम गर्दै आइरहेको छ। जिल्लाका विभिन्न ठाउँमा पुगेर साहित्यकारहरूले रचनावाचन गर्दै आइरहेका छन्।

# गण्डकी प्रदेश स्तरिय टेबुलटेनिस प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

प्रदेश खेलकुद परिषद्, गण्डकी प्रदेशको आयोजना तथा कास्की जिल्ला टेबुलटेनिस संघ, पोखराको व्यवस्थापनमा गण्डकी प्रदेश स्तरिय टेबुलटेनिस प्रतियोगिता पोखरामा हुने भएको छ।

पोखरा रंगशालाको टेबुलटेनिस कभर्ड हलमा यहि जेठ ३० र ३१ गते हुन गइरहेको प्रदेश स्तरिय प्रतियोगितामा गण्डकी प्रदेशका ११ जिल्लाबाट १ पुरुष, १ महिला खेलाडी र व्यवस्थापक वा प्रशिक्षक मध्ये कुनै १ गरी जम्मा ३ जना सहभागी गराई दिन अनुरोध गर्दै सबै जिल्ला खेलकुद विकास समिति पत्राचार गरी जानकारी गराई सकिएको कास्की जिल्ला टेबुलटेनिस संघका सचिव कृष्ण रानाभाटले वताए। प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको नाम २८ गतेसम्म दर्ता हुनु पर्ने, दर्ता इमेल वा मोवाईलबाट गर्न सकिने, खेलाडीहरुलाई एकतर्फी यातायातको सुविधाको साथै प्रतियोगिता अवधि भरको लागि खाने, वस्ने व्यवस्था गरिएको अध्यक्ष उत्तम जोशीले वताए।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्नु गर ।
- पल क्लिथेरोई

## सम्पादकीय

# पीडितले न्याय कहिले पाउने ?

द्वन्द्वमा सहभागी नभएका ३५ सर्वसाधारण एकै ठाउँमा मारिएको त्रासदीपूर्ण घटना चितवन माडीका जनताले विर्सन सकेका छैनन् । ३५ सर्वसाधारण र तीन सैनिक गरी ३८ जनाको मृत्यु भएको त्यो त्रासदीपूर्ण घटना सम्झँदा जोकोहीको आङसिरिङ हुन्छ । उक्त विस्फोटमा एक बालकले पनि ज्यान गुमाएका थिए भने ७२ जनाभन्दा बढी घाइते भएका थिए। धेरै अंगभंग भएका त्यो दिन अर्थात् जेठ २३ गते । माडीबासीको त्यो कालो दिन बितेको १८ वर्ष पुगेको छ ।

सार्वजनिक बसमा चढेका १२ जना सेनालाई लक्षित गरेर बाँदरमुढे खोलामा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले बम विस्फोट गराएका थिए । सैनिकप्रति लक्षित विस्फोटको निशानामा महिला र बालबालिकासहितका निर्दोष नागरिक परेका थिए । निर्दोष नागरिक मारिएको घटनाले द्वन्द्वकालमा कस्ता जघन्य घटना भएका थिए भन्ने संभ्फाउँछाघटनामा जिम्मेवार को हो ? १८ वर्ष बितिसक्दा पनि पीडितले न्याय नपाउँदा देशमा कानुनी शासन छ भन्ने ठाउँ छैन । जति जति वर्ष बित्दै जान्छ, उनीहरूको पीडा पनि बल्झिनैरहन्छ ।

शारीरिक र मानसिक पीडा बोकेर बाँच्न बाध्य छन् बाँदरमुढे घटनाका पीडित। नेपालमा अहिले सशस्त्र लडाइँ रोकिएको छ तर न्यायको लडाइँ रोकिएको छैन । घटना सम्झँदा त्यसबेलाका घाइते झस्कन्छन् । त्यतिबेला लागेको घाउभन्दा बढी न्यायका लागि लड्दा पाएको दुःखले चराउँछ उनीहरूलाई । त्यसैले त चाहेर पनि बिर्सन सकेका छैनन् ।

त्यसबेलाका विद्रोही पक्षको नेतृत्व गरेका पुष्पकमल दाहाल 'प्रचण्ड' अहिले देशको कार्यकारी प्रमुख प्रधानमन्त्री छन्। तीन पटक सरकारको नेतृत्व गरेका प्रधानमन्त्री दाहालले पीडितलाई न्याय दिलाउन पैं जावोस उनीहरूलाई कुनै सम्बोधन नगर्नु संवेदनशीलता नहुनु हो । बाँदरमुढे पीडितका लागि राज्यस्तरबाट खासै सम्बोधन नभएको पीडितहरूको गुनासो सुनेर न्याय दिलाउन प्रधानमन्त्रीदाहालले नै पहलकदमी लिनु जरुरी छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शारीरिक झमेला | तुला | सहयोग मिल्नेछ |
| वृष | व्यापारमा लाभ | वृश्चिक | सत्कार मिल्नेछ |
| मिथुन | शत्रुको भय | धनु | सम्मान मिल्नेछ |
| कर्कट | झमेला बढ्ने | मकर | अप्रत्यसित लाभ |
| सिंह | कार्यमा सफलता | कुम्भ | आर्थिक समस्या |
| कन्या | मन चञ्चल | मीन | मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखरा ८ द्वारा उत्पीडित महिलालाई उद्घोषण तालिम

पोखरापत्र संवाददाता
पोखरा, २४ जेठ

पोखरा महानगरपालिका वडा नं. ८ वडा समितिबाट महिला उत्पीडित समुदाय सशक्तिकरण तर्फ ३ दिने उद्घोषण तालिम बुधबारबाट शुभारम्भ गरिएको छ ।

कार्यक्रममा वडा नं. ८ का वडा अध्यक्ष रुद्रनाथ बरालले महिलाहरु नेतृत्वमा पुग्न राजनैतिक जिम्मेवारी सम्हाल्न योग्य बन्न बोल्ने कलामा विकास हुनुपर्ने विचार राखे ।

उक्त अवसरमा वडा नं. ८ का महिला जनप्रतिनिधि तथा कार्यक्रम संयोजक लक्ष्मी वि.क., वडा सदस्य पवित्रा के.सी., वडा सचिव सविता ढुङ्गाना सहित प्रशिक्षक धन बहादुर नेपाली र मधु अधिकारीले उद्घोषण बन्न मनोगत सैद्धान्तिक र प्राविधिक रुपमा दक्ष बन्न आवश्यक पर्ने योग्यताबारे प्रष्ट्याउनुभएको थियो ।

२४ जना महिला सहभागी ३ दिने उद्घोषण तालिमले महिला सशक्तिकरण एवं सविलकरणमा सहयोग पुग्ने विश्वास गरिएको छ। जेठ २७ गतेसम्म हुने तालिमलाई व्यवहारमा उतार्ने प्रशिक्षार्थीहरुले प्रतिवद्धता जनाएका छन् ।

# लायन्स पोखरा लेकसिटी ३० औं वर्षमा

पोखरापत्र संवाददाता
पोखरा, २४ जेठ

लायन्स क्लब अफ पोखरा लेकसिटी ३० औं वर्षमा प्रवेश गरेको छ ।

वातावरण संरक्षण एवं समाजसेवाको उदेश्यसहित विभिन्न पेशा र व्यवसायमा संलग्न युवाहरुले यो क्लबको स्थापना गरेका थिए । क्लबका संस्थापक अध्यक्ष कृष्णमोहन श्रेष्ठ थिए । उनी पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष हुन् । लायन्स लेकसिटी लायन्स क्लब ३२५ केसँग आवद्ध छ । त्यसका गभर्नर राजेन्द्रकुमार बाटाजू लायन्स लेकसिटीका पूर्वअध्यक्ष हुन् । क्लबका पूर्वअध्यक्ष दीपक श्रेष्ठ लायन्स ३२५ बी नेपालका पूर्व मल्टिपल काउन्सील चियर पर्सन हुन् ।

क्लबले ३० औं वार्षिकोत्सवको अवसरमा बिहीबार क्लबले पोखरा उद्योग वाणिज्य संघको बालश्रम न्यूनीकरण कार्यक्रमअन्तर्गत विभिन्न विद्यालयमा अध्ययनरत ५० न्यून आय भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। क्लबका अध्यक्ष कैलाश पालिखेका अनुसार यसअघि पनि क्लबले न्यून आय भएका विद्यार्थीहरुको लागि विभिन्न खाले सहयोग प्रदान गर्दै आइरहेको छ । ३० औं वार्षिकोत्सवको अवसरमा आयोजित विशेष कार्यक्रममा खेलकुद पत्रकार मञ्च गण्डकीबाट लाइफटाइम अचिभमेण्ट अवार्ड प्राप्त क्लबका आउँदो कार्यकालको लागि प्रथम उपाध्यक्ष चुनिएका विद्या मर्सानी, संस्थापक अध्यक्ष कृष्णमोहन श्रेष्ठलाई सम्मानित पनि गर्‍यो । कार्यक्रमका प्रमुख अतिथि उद्योगपति सुशीलकुमार गोशेलीले उनीहरुलाई सम्मानित गरेका हुन् । वार्षिकोत्सवकै अवसरमा क्लबका सदस्य सुशील ताङ्वेले आफ्ना पिता सुशीलकुमार लामाको स्मृतिमा शैक्षिक क्षेत्रमा विभिन्न काम गर्ने गरी एक लाख रुपैयाँको अक्षयकोष घोषणा गरे । उनले क्लबका कोषाध्यक्ष कृष्ण काफ्लेलाई चेक हस्तान्तरण गरेका हुन् । क्लबको अगुवाइ तथा लायन्स इन्टरनेसनल ३२५ 'के'को सहयोगमा नदीपुरमा रहेको ज्ञानभूमि माविमा पानी ट्याङ्की निर्माणको लागि एक लाख रुपैयाँ सहयोग हस्तान्तरण पनि सोही अवसरमा गरिएको थियो ।

क्लबका अध्यक्ष कैलाश पालिखेले क्लबका आउँदो कार्यकालका कोषाध्यक्ष एवं व्यवस्थापन समितिका अध्यक्ष प्रेम शेरचनलाई चेक हस्तान्तरण गरे । सो अवसरमा क्लबमा आवद्ध सदस्यका श्रीमती तथा लायन्स क्लब अफ पोखरा गार्डेनका सदस्यसहित १३ जनाबाट एनएलएफ कोषमा प्राप्त सहयोग लायन्स ३२५ के नेपालका कोषाध्यक्ष मदन मुल्मीलाई हस्तान्तरण गरियो । क्लबले ३० औं वर्षको अवसरमा संस्थापक सदस्यहरुलाई पनि सम्मानित गरेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि उद्योगपति सुशीलकुमार गोशेलीले लेकसिटीले सामाजिक क्षेत्रमा गरेको योगदानको मुक्तकण्ठले प्रशंसा गरे । समाजसेवाभन्दा पुण्यकाम अर्को नभएको उनको भनाइ थियो । लायन्स क्लब इन्टर नेसनलका पूर्व पीएमसीसी दीपक श्रेष्ठले लायन्सका सदस्यहरु सेवाको लागि हरदम तयार रहनुपर्नेमा जोड दिए । सेवाको भावना मनैदेखि आउनुपर्ने उनको धारणा थियो । लायन्स क्लब डिष्ट्रिक्ट ३२५ के नेपालको आउँदो कार्यकालको लागि सेकेण्ड भीडीसी दुर्गाप्रसाद हुमागाईंले सामाजिक क्षेत्रमा गरेको योगदानकै कारण लायन हुँ भन्दा गर्व लाग्ने बताए । लायन्स ३२५ के नेपाल जोन ३२ का जोन चियर पर्सन नारायण कोइरालाले आउँदा दिनमा लेकसिटीले अझै सिर्जनात्मक काम गर्ने विश्वास व्यक्त गरे । क्लबका अध्यक्ष कैलाश पालिखेको अध्यक्षता, प्रथम उपाध्यक्ष सोवितमान बुद्धाचार्यको धन्यवाद तथा सचिव सुदीप प्रधानाङ्गको संचालन रहेको कार्यक्रममा बोल्दै संस्थापक अध्यक्ष कृष्णमोहन श्रेष्ठले ३० वर्षअघि वातावरणको क्षेत्रमा काम गर्न स्थापित क्लबको भूमिका अहिले झन महत्वपूर्ण भएको बताए ।


**बस बिक्रीको लागि बोलपत्र आव्हान**

**सम्बन्धि सूचना**

सूचना प्रकाशित मिति: २०८०/०२/२५ गते

यस संस्थाको नाममा रहेको तपसिलमा उल्लेखित विवरण भएको चालु अवस्थाको २६ सिटे बस बिक्रि गर्नुपर्ने भएकोले उक्त बस खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा संघसंस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थाको सम्पर्क कार्यलयमा उपस्थित भई आवश्यक कागजात सहित सिलबन्दी निवेदन दिनुहुन अनुरोध गरिन्छ ।

**बसको विवरण यस प्रकार रहेको छ :**

| | | |
|---|---|---|
| 01 | Registration Number | GA 1 KA 2324 |
| 02 | Manufracture | 2013 |
| 03 | No. of cylinder | 4 |
| 04 | Loading capacity | 26 Seat |
| 05 | Horse Power | 3783 CC |
| 06 | Permitted Area | As per the rule & regulations |

**सर्तहरु**

१. बसको न्यूनतम मूल्य ७,००,०००/- (अक्षरुपि सात लाख मात्र) तोकिएकोले सो भन्दा बढि बोलकबोल गरी निवेदन दिनु पर्ने छ । साथै सबै भन्दा बढि मूल्य कबोल गरिएको निवेदनलाई स्विकृत गरिने छ ।

२. खरिद बोलपत्र निवेदनहरु ३ भन्दा कम प्राप्त भएमा यो सूचना रद्द गरी पुनः अर्को सूचना प्रकाशित गरिने छ ।

३. प्राप्त निवेदनहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो ३:०० बजे यस संस्थाको शाखा कार्यालय पोखरा-२२, पुम्दीभुम्दीमा खोलिने छ । तर उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलि पल्ट खोलिने छ ।

**विस्तृत जानकारीको लागि सम्पर्कः**

**नेपाली गाउँका साथीहरू**

शाखा कार्यालय, पोखरा-२२, पुम्दीभुम्दी, कास्की

**फोन : ९८४६४५०४५०**


# तीन वर्षअघिको बाढीले अझै झस्काइरहन्छ

पोखरापत्र संवाददाता
बागलुङ, २४ जेठ

बागलुङको ढोरपाटन नगरपालिका ८ र ९ मा २०७७ भदौ १७ गते भीषण बाढी आयो । बाढीले सयौं परिवार घरबारविहीन बनायो । बाढीमा परेका १५ जना अझै बेपत्ता छन् । तीन वर्ष अघिको बाढीले स्थानीइलाई भने अझै झस्काइरहन्छ ।

पानी पर्‍यो भने स्थानीय राति उठेर खोलामा बहाव के कति छ भनेर हेर्न पुग्छन् । उनीहरू त्रासमा बाँचिरहेका छन् । सम्पत्ति र आफन्त गुमाएका निमप्रकाश विक भन्नुहुन्छ– "त्यो रात सम्झिँदा पनि मुर्छा पर्छु, अहिले त आकाश गड्याङ्गुडुङ गर्दा पनि झस्किन्छु ।" बाढीबाट विककी २५ वर्षीया श्रीमती चनी, नौ वर्षीय जेठो छोरो, दुई वर्षीय माइलो छोरो र २२ दिनको कान्छो छोरो गुमाउनुभएको थियो । भएभरको जायजेथा सबै बाढीले बगाएको थियो । परिवारका सबै सदस्यलाई बाढीले बगाएपछि विक अहिले एक्लो बन्नुभएको छ । उहाँ अहिले ढोरपाटन-९ सुप्राङमा बस्नुभएको छ ।

"पानी पर्दा जागराम बस्नु पर्ने अवस्था छ", उहाँले भन्नुभयो । बाढी आएको रात आफू बुकीमा पूजा गर्न गएकाले ज्यान जोगिएको विक बताउनुहुन्छ । बाढीले सबै बगाउँदा उहाँसित अब गरिखाने जग्गा छैन । नगरपालिका तथा विभिन्न सङ्घ संस्थाबाट प्राप्त सहयोगले घर बनाएको उहाँको भनाइ छ ।

विक भन्नुहुन्छ, "जसोतसो दैनिकी चलिरहेको छ, जग्गा भए खेती किसानी गरेर खान पाइथ्यो ।" सोही बाढीमा ढोरपाटन-९ का कुलबहादुर विकले परिवारका चार सदस्य गुमाउनुभयो । बाढीले उहाँको घरजग्गासहित २२ वर्षीय जेठो छोरो, २१ वर्षीया बुहारी, १८ वर्षीया छोरी र चार वर्षीया नातिनी बगाएको थियो । घरबारविहीन भएपछि उहाँ लामो समय माइतीको आश्रयमा बस्नुभयो । "अहिले ऋण गरेर ढोरपाटनमा घर बनाएको छु", उहाँले भन्नुभयो । बाढी आएको बेला विक श्रीमती, कान्छो छोरा र दुई बहिनी छोरीसहित गाउँमाथिको बारीमा जानुभएको थियो । "दुम्सीले मकै खाएर हैरान पारेको थियो, बारीमा दुम्सी लखेट्न गएका थियौं, त्यहीं गोठमा बस्यौं", विकले विगत सुनाउनुभयो–"त्यो दिनको सम्झनाले अझै तर्साइरहन्छ ।"

बाढीले ढोरपाटन-६, ७, ८ र ९ का एक सय ३१ घरमा क्षति पुर्‍याएको थियो । एघार जलविद्युत् आयोजनाको विद्युत् गृह तथा नहर, एउटा स्वास्थ्य एकाइ, ११ झोलुङ्गे पुल, पाँच ढलान पुल, १० काठेपुल र दुई विद्यालयसमेत बगाएको थियो ।

# शैक्षिक गुणस्तर सुधार गर्न उपचारात्मक कक्षा

पोखरापत्र संवाददाता
पोखरा, २४ जेठ

गोरखाको पालुङटार नगरपालिकाले नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि ७२ घण्टे उपचारात्मक कक्षा सुरु गरेको छ ।

कोरोना सङ्क्रमण र अन्य विपद्का कारण लामो समय विद्यालय बन्द हुँदा पठनपाठन प्रभावित भएकाले नगर क्षेत्रका विद्यालयमा अध्ययनरत बालबालिकाको शैक्षिक अवस्था कमजोर हुन पुगेको भन्दै नगरपालिकाले उपचारात्मक कक्षा सुरु गरेको नगरप्रमुख विवस चिन्तनले जानकारी दिनुभयो । नगर क्षेत्र आधारभूत तह तथा माध्यमिक तहका सबै विद्यालयमा गएको शैक्षिक सत्रको अन्तिम परीक्षामा नतिजा कमजोर देखिएका बालबालिकाको शैक्षिक गुणस्तरमा सुधार ल्याउन उपचारात्मक कक्षा सञ्चालन गरिएको छ । "कार्यक्रमअन्तर्गत तोकिएका सबै विद्यालयले कमजोर विद्यार्थीका लागि वार्षिकरुपमा कम्तीमा ७२ घण्टा थप कक्षा व्यवस्थापन गरि पठनपाठन गराउनुपर्छ", उहाँले भन्नुभयो, "केही विद्यालयमा उपचारात्मक कक्षा सुरु भइसकेको छ भने केहीमा सुरु हुँदैछ ।" नगरपालिकाभित्र सञ्चालित आधारभूत तथा माध्यमिक तहका विद्यालयको अन्तिम परीक्षाको नजिता कमजोर देखिएपछि उपचारात्मक कक्षा सुरु गरेको चिन्तनको भनाइ छ ।

"नजिता कमजोर देखिएका विद्यालयमा शैक्षिक सुधार गर्नै पर्ने अवस्था छ", उहाँले भन्नुभयो, "त्यसका लागि विद्यालयले नजिता कमजोर देखिएका विद्यार्थीको छनोट गरी थप ७२ घण्टा आधारभूत तह र माध्यमिक तहका विद्यालयले अनिवार्य कक्षा सञ्चालन गरी कमजोर देखिएको विषय पढाउनुपर्छ ।" विद्यालयले उपचारात्मक कक्षा पढाएबापत शिक्षकले प्रतिकक्षा रु तीन सय ५० का दरले पारिश्रमिक पाउने जानकारी दिनुभयो । "शिक्षकलाई अतिरिक्त कक्षा पढाएबापत नगरपालिकाले शिक्षकलाई पारिश्रमिक उपलब्ध गराउन प्रत्येक विद्यालयलाई रु २५ हजारका दरले रकम उपलब्ध गराएको छ", चिन्तनले भन्नुभयो, 'विद्यालयले कमजोर भएका विषयका विद्यार्थीका लागि बिहान वा बेलुकी समय मिलाएर अनिवार्य पढाउनुपर्नेछ ।" उपचारात्मक कक्षामा विद्यार्थीलाई शिक्षण सिकाइका क्रममा कमजोर रहेको विषयका आधार भूत कुरा जानकारी गराइने र त्यसले बालबालिकाको शैक्षिक अवस्थामा सुधार आउने विश्वास नगरपालिकाको छ ।

# तनहुँमा कृषकलाई मौरीसहितको घार

पोखरापत्र संवाददाता
तनहुँ, २४ जेठ

कृषि ज्ञान केन्द्र तनहुँले समूहमा आबद्ध भएका कृषकलाई एक सय ५३ मौरीसहितको घार वितरण गरेको छ । आँबुखैरेनी, म्याग्दे, बन्दीपुर गाउँपालिकामा ४६ वटाका दरले र ऋषिङमा १५ वटा गरी कृषकलाई मौरीसहितको घार वितरण गरेको हो ।

आँबुखैरेनी-४ खस्राङ गाउँका कृषक समूहमा आबद्ध २६ कृषकलाई ९० प्रतिशत अनुदानमा ४६ वटा मौरीसहितको घार प्रदान गरेको हो । कृषकलाई मौरीसहित घार, स्ट्याण्ड, पन्जा, धुवादानी, टोपी, महदानीलगायतका आवश्यक पर्ने सामग्री प्रदान गरेको कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख कुलप्रसाद तिवारी जानकारी दिनुभयो । त्यसैगरी म्याग्दे गाउँपालिका-४ स्थित छिम्लिस्वाँरा कृषक समूहमा आबद्ध भएका कृषकलाई ४६ वटा मौरीसहितको घार वितरण गरिसकेको सो कार्यालयले जनाएको छ । ग्रामीण पोषण सुरक्षा कार्यक्रमअन्तर्गत उक्त क्षेत्रका कृषकलाई ९० प्रतिशत अनुदानमा मौरीसहितको घार वितरण गरिएको उहाँले बताउनुभयो। त्यसैगरी बन्दीपुर गाउँपालिका-२ हलधुम्काका विपन्न, गरिब र न्यून आएका भएका ४६ परिवारलाई ४६ मौरीसहितको घार वितरण गरेको छ । विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रमअन्तर्गत ऋषिङ गाउँपालिका-४ भीरकोटमा १५ वटा मौरीसहितको घार वितरण गरेको केन्द्रले जनाएको छ ।

कृषकलाई मौरीपालनतर्फ आकर्षित गर्दै उनीहरुलाई आयआर्जनमुखी बनाउने उद्देश्यले सरकारले कृषकलाई अनुदानमा मौरीसहितको घार वितरण कार्य गर्दै आएको आएको उहाँले बताउनुभयो । मह उत्पादन गरी कृषकको आयआर्जनमा सहयोग पुऱ्याउन मौरीसहितको घार वितरण कार्यलाई प्राथमिकता दिएको केन्द्रले जनाएको छ ।


**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १३, दक्षिण कालिका मन्दिर ट्रस निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम: दक्षिण कालिका मन्दिर ट्रस निर्माण

स्थान: पोखरा-१३, कास्की

योजना सम्झौता मिति : २०८०/०१/०५ गते

योजना काम सुरु हुने मिति : २०८०/०१/०६ गते

योजना सम्पन्न हुने मिति: २०८०/०२/२५ गते

योजनाको कुल लागत : रु. ६,००,०००।-

महानगरपालिकाबाट प्राप्त हुने रकम : रु. ६,००,०००।-

उपभोक्ता समितिको अध्यक्ष: हरि प्रसाद बराल

सम्पर्क नं. : ९८४६३३२५४३ सचिव: रविन बराल,

कोषाध्यक्ष: कृष्ण कुमारी अधिकारी मो. ९८६६००७७२०

**दक्षिण कालिका मन्दिर ट्रस निर्माण उपभोक्ता समिति पोखरा-१३, कास्की**

# पेन्सन क्याम्प रामबजारमा भरतनाट्यम नृत्य "नृत्यान्जली" प्रस्तुत

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ




पेन्सन बितरण कार्यालय रामबजार पोखरामा सृष्टिकला स्कूल अफ फाइन आर्ट्स बैंगलोरका कलाकारहरुले मंगलवार नृत्य समर्पण कार्यक्रम "नृत्यान्जली" प्रस्तुत गरेका छन् ।

आजादीको अमृत महोत्सवको अवसर पारेर स्वामी बिबेकानन्द कल्चरल सेन्टर भारतीय दुतावास काठमाण्डौले पेन्सन क्याम्प पोखरामा भरतनाट्यम नृत्य प्रस्तुत गरेको हो । कार्यक्रममा भरतनाट्यम नृत्य सृष्टिकला स्कूल अफ फाइन आर्ट्स बैंगलोरका कलाकारहरुले आकर्षक नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा प्रस्तुत नृत्यको गुरु विदुषी कन्चन सत्यवन्तले निर्देशन गरेका थिए । कार्यक्रमको प्रमुख अतिथि गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्ची, बिशेष अतिथि नेपाली सेना पश्चिम पृतनापति मेजर जनरल दिपककुमार बानिया र भारतीय पेन्सन कार्यालय पोखराका प्रमुख लेफ्टिनेन्ट कर्णेल प्रशान्तसिंह बघेलले कलाकारहरुलाई सम्मान गरेका थिए ।

# मनाङ रैथाने बालीमा आत्मनिर्भर

**-नवीन लामिछाने**
मनाङ, २४ जेठ

मनाङमा खेतीयोग्य भूमि साँघुरिँदै गएको छ । साँघुरिएको खेतीयोग्य भूमिबाट उत्पादन बढी लिने लक्ष्यका साथ बाली परिवर्तन गर्ने चलन बढ्दो छ । जसले गर्दा रैथाने बाली लोप हुने अवस्थामा पुगेको छ । तर, हिमाली जिल्ला मनाङ यिनै बालीमा नै आत्मनिर्भर छ ।

कतिपय स्थानमा रैथाने बाली लोप हुने भइसकेको छ । रैथाने बालीको प्रयोग कम गरी हाइब्रिड बाली लगाउने प्रचलन बढ्दो छ । कम जग्गामा बढी उत्पादन र उन्नत जातको खेती गर्ने उद्देश्यले हाल विकासे (हाइब्रिड) खेतीपातीलाई प्राथमिकता दिएको पाइन्छ । उत्पादन बढी लिने उद्देश्यका साथ गरिएको खेतीले रैथाने बाली लोप भएका हुन् । चामे गाउँपालिका-२ थानचोकका किसान निर्मला गुरुङले मनाङमा आलु, गहुँ, फापर, करु, उवा लगायतका रैथाने बाली गर्दै आएको बताउनुहुन्छ । "मनाङमा पुर्खौंदेखि गरिदै आएको खेती नै हाल पनि गरिरहेका छौँ, यहाँको वातावरणमा यही बालीको उत्पादन राम्रो हुन्छ, यसको संरक्षण हुनुपर्छ, कृषि कर्मलाई प्रवर्द्धन र प्रोत्साहन गर्न आवश्यक रहेको छ", गुरुङले भन्नुभयो । त्यस्तै चामे-५ चामेका कृषक सेरव विष्टले गहुँ, फापर, करु, आलु, जौ, उवाजस्ता रैथाने बाली गर्न ज्ञान केन्द्रले प्रोत्साहन गरेको बताउनुभयो । "यी खेतीबाट उत्पादित खाद्यवस्तुको प्रवर्द्धन तथा संरक्षणका लागि तालिम प्रदान गरिएको छ, यसले बाली संरक्षणमा टेवा पुग्नेछ", उहाँले भन्नुभयो ।

पर्यटकीय क्षेत्र भएकाले मनाङमा यहीको उत्पादनलाई प्राथमिकता दिएर विभिन्न परिकार बनाउन ज्ञान केन्द्रले तालिम प्रदान गर्ने कार्य गरिरहेको छ । यसले विदेशी पर्यटकलाई यहाँका उत्पादनलाई उपयोग गरी खानाको स्वादमा परिवर्तन र आकर्षित गर्नमा भूमिका खेलेको पाइन्छ । मनाङ डिस्याङ गाउँपालिका-१ पिसाङ तलेखुका किसान फुलमाया गुरुङले यहाँका रैथाने बालीबाट उत्पादित वस्तुको विभिन्न परिकार बनाउने गरेको बताउनुभयो । मकै, करु, आलु, कोलो, गहुँ, जौजस्ता खाद्यवस्तु उत्पादन गरिने उहाँले बताउनुभयो । यही खाद्यवस्तुको उपयोगबाट होटल व्यावसायमार्फत आम्दानी लिने गरेको उहाँले बताउनुभयो ।

गुरुङले भन्नुभयो, "ज्ञान केन्द्रमार्फत यहाँ उत्पादित खाद्यवस्तुबाट केक, प्यान केकलगायतका खानेकुरा बनाउने सीप सिकेर उपयोग गरिरहेका छौँ, यसले होटल व्यवसायमा सहयोग पुगेको छ, आम्दानी पनि सहयोग पुगेको छ ।" रैथाने बालीको संरक्षणमा यसरी सहयोग पुऱ्याउने भए यस्ता बालीमा आत्मनिर्भरमा टेवा पुग्नेछ । विगतमा रैथाने बालीमा आत्मनिर्भर राष्ट्र नेपालमा रैथाने बाली लोप हुन थालेको छ तर, तराई तथा पहाडी जिल्लामा यी बाली लोप भए पनि मनाङ अझै यसैमा आत्मनिर्भर रहेको छ । यस बाली लोप हुँदै गएपछि सरकारले आर्थिक वर्ष २०८०/८१ बजेटमा रैथाने बालीको संरक्षणलाई प्राथमिकता दिएको छ ।

सरकारको यो योजनाले मनाङका रैथाने बाली संरक्षणलाई अझ बढी लाभ मिल्ने भएको कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले बताउनुभयो । "यहाँको रैथाने बाली उवा, करु, गहुँ, फापरको संरक्षणमा जुटिरहेका छौँ, यसको प्रवर्द्धन र रैथाने बालीको उपभोगमा प्रोत्साहन गर्न लागिरहेका छौँ, खाद्य सुरक्षामा टेवा पुऱ्याउने उद्देश्यले लागिपरेका छौँ", उहाँले भन्नुभयो । चालु आवमा रैथाने बालीको प्रवर्द्धनका लागि किसानलाई परिकारको विविधकरण तालिम दिइरहेको प्रमुख सिलवालले बताउनुभयो । यस बालीको प्रवर्द्धन र संरक्षणलाई प्राथमिकता दिएर झार्ने, कुट्ने मेसिन सामग्री ल्याउने र वितरण गर्ने योजना बनाइएको उहाँले बताउनुभयो । रैथाने बालीको उत्पादनलाई बजारीकरणका लागि बजारसम्म पुऱ्याउन प्रवर्द्धनात्मक कार्यक्रममार्फत प्याकेजिङको काम गर्ने योजना रहेको उहाँले बताउनुभयो । "यसको बजारीकरणलाई मध्यनजर गर्दै बजारसम्म पुऱ्याउने, घरबास (होमस्टे) सँग समन्वय गरी रैथाने बालीको उत्पादन बिक्रीमा सहजता कायम गर्ने काममा कृषि ज्ञान केन्द्रले प्रवर्द्धनको भूमिका खेल्नेछ", प्रमुख सिलवालले भन्नुभयो, "रैथाने बाली लोप हुने अवस्थामा रहेकाले यसलाई जोगाउनुपर्छ भनेर संरक्षणको रणनीति लिएका छौँ ।" समुद्री सतहबाट एक हजार आठ सय ८० मिटरदेखि आठ हजार एक सय ६३ मिटरसम्म रहेको मनाङको क्षेत्रफल दुई हजार दुई सय ४६ वर्ग किलोमिटर रहेको छ । जिल्लाको कूल भूमि क्षेत्रफल दुई लाख २४ हजार छ सय हेक्टरमध्ये खेतीयोग्य जमिन दुई हजार एक सय ५६ रहेको छ । त्यसमध्ये दुई हजार १७ हेक्टर क्षेत्रफलमा मात्रै खेती गरिँदै आएको छ । जसअन्तर्गत एक हजार ६३ हेक्टर सिञ्चित क्षेत्रफल हो । मनाङको कूल भूमिमा १९ हजार एक सय ६६ हेक्टर क्षेत्रफल वनजङ्गलले ओगटेको छ भने ४८ हजार नौ सय ९० हेक्टर चरन क्षेत्र र एक लाख ५४ हजार दुई ९१ हेक्टर क्षेत्रफल हिमशृङ्खला, चट्टान तथा पहरोले ओगटेको छ । यहाँ धान भने पूर्णरुपमा उत्पादन नहुने जिल्ला हो । धान, चामल भने जिल्लामा अन्य जिल्लाबाट आयात गर्नुपर्ने बाध्यता छ । पर्यटक तथा स्थानीयले उपभोगका लागि अन्यत्र जिल्लाबाट धान, चामल आयात गरेर जीविकोपार्जन गर्दै आएको छ । जिल्लामै धान उत्पादन नहुँदा यहाँका मानिसले महँगो मूल्य तिरेर चामल खरिद गर्न बाध्य छ । मनाङलाई बहुमूल्य जडीबुटीको उर्वरभूमिको रुपमा पनि लिइन्छ । यहाँ यार्सागुम्बा, पाँचऔँले, जटामसी, शिलाजित, जिम्बु, सिबाकथ्रोन, कुटकी, निरमसी, तिक्का, सुगन्धवाल, पदमचाल, चिराइतो, तेजपात, गुचीच्याउ, कुरिलो, टिमुरलगायतका जडीबुटी पाइन्छन् । यही औषधीय जडीबुटी निर्यात गरेर मनाङको मुख्य आयस्रोत हो ।

# मृत्यु भइसकेका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ जेठ

तनहुँका स्थानीय तहले मृत्यु भइसकेका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेका छन् । जिल्लाका अधिकांश स्थानीय तहले मृत्यु भइसकेका व्यक्तिको खातामा रकम निकासा गरेको छ ।

गत आर्थिक वर्ष २०७८/७९ मा जिल्लाका विभिन्न पालिकाले रु पाँच लाख २५ हजार दुई सय ३३ मृत्यु भएका व्यक्तिको खातामा पठाएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । देवघाट गाउँपालिकाले रु २४ हजार चार सय, घिरिङ गाउँपालिकाले रु एक लाख ३५ हजार नौ सय ८०, भानु नगरपालिकाले रु ५३ हजार छ सय १०, आँबुखैरेनी गाउँपालिकाले रु २४ हजार चार सय, बन्दीपुर गाउँपालिकाले रु २४ हजार एक सय ३१, भिमाद नगरपालिकाले रु २९ हजार तीन सय १४, ऋषिङ गाउँपालिकाले रु एक लाख १६ हजार छ सय ३० र शुक्लागण्डकी नगरपालिकाले रु एक लाख १६ हजार सात सय ५८ मृत्युपश्चात् भुक्तानी गरेको छ ।

सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकामा स्थानीय तहले मृत्यु भइसकेका व्यक्तिलाई पनि रकम निकासा गरेकाले त्यस्तो कार्य सुधार गर्न सुझाव दिइएको छ ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ (२) मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाद गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमको सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ ।

यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने प्रावधान छ ।

# मुग्लिन-पोखरा सडक : घरटहराको मुआब्जाका लागि रकम अभाव

**रासस**
दमौली, २४ जेठ

पृथ्वीराजमार्गलाई चार लेनमा विस्तारका लागि तनहुँको पूर्वी खण्डमा घरटहरा हटाउन मुआब्जा वितरणका लागि रकम अभाव भएको छ । मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) ले यो खण्डमा छ सय ३१ घरटहराका लागि मुआब्जा वितरण गर्नुपर्नेछ ।

घरटहरा हटाउनका लागि रु २२ करोड ४५ लाख मुआब्जा आवश्यक पर्ने इञ्जिनियर विष्णु पाण्डेले जानकारी दिनुभयो । त्यसमध्ये रु १४ करोड ५० लाख भुक्तानी भइसकेको पाण्डेले बताउनुभयो । उहाँले भन्नुभयो, "घरटहरासमेत गरी छ सय ३१ संरचनाका लागि मुआब्जा वितरण गर्न अहिले बजेट सकिएको छ, असार मसान्तसम्म रकम निकासा भएर आएपछि भुक्तानी हुन्छ ।" पाण्डेका अनुसार हालसम्म चार सय ७२ घरटहरा भत्काइएको छ । त्यसमा ८३ लाभग्राहीले पहिलो किस्ता लगेर संरचना भत्काउन सुरु गरेका छन् । त्यस्तै, पहिलो किस्ताका लागि रु दुई करोड रकम माग गर्दै निवेदन आएको छ । "निवेदन आए पनि अहिले भुक्तानीका लागि रकम नभएकाले केही समय भुक्तानी दिन सक्ने अवस्था छैन, रकम आउनेबित्तिकै उनीहरूलाई पनि भुक्तानी हुन्छ", पाण्डेले भन्नुभयो । यो खण्डअन्तर्गत व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका र आँबुखैरेनी गाउँपालिका पर्दछन् । त्यसमध्ये बन्दीपुरको प्रमुख बजार डुम्रेमा घरटहरा भत्काउन सुरु भइसकेको छ । आँबुखैरेनी र व्यास नगरपालिकाको दमौली बजारमा घरटहरा भत्काउन बाँकी छ । उहाँले भन्नुभयो, "डुम्रे बजारका क्षेत्रमा रहेका सडक मापदण्डभित्र पर्ने घरटहरा भत्काउने काम भइरहेको छ, सडक मापदण्डभित्र रहेका सबै संरचना बिस्तारै हटाइन्छ ।" डुम्रे बजारमा धेरै वर्ष पहिला बनेका अधिकांश घर सडक मापदण्डभित्र बनेका छन् ।

मुग्लिन-पोखरा सडक विस्तार आयोजनाले दुई खण्डमा सम्झौता गरेर काम गरिरहेको छ । आँबुखैरेनीदेखि जामुनेसम्मको पूर्वी खण्डमा ३० प्रतिशत प्रगति भएको आयोजनाले जनाएको छ । पश्चिम खण्डको प्रगति भने न्यून छ । पूर्वी खण्डअन्तर्गत तनहुँको आँबुखैरेनी खण्डमा सात किलोमिटर कालोपत्रको काम सुरु भइसकेको छ । चालु आर्थिक वर्षभित्रै सात किलोमिटर सडक खण्ड कालोपत्र सम्पन्न गर्ने लक्ष्यका साथ कामलाई अगाडि बढाइएको आयोजना प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिनुभयो । पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । झन्डै ४१ दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछन् । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ । सरकारले मुग्लिन-पोखरा सडक विस्तारका लागि आगामी आर्थिक वर्षमा रु पाँच अर्ब ४२ करोड विनियोजन गरेको छ ।

विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ । चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ ।

यसैगरी मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) ले सडकको मापदण्डभित्र कुनै पनि भवनलगायत निजी संरचना निर्माण गर्न रोक लगाएको छ । योजनाले सडकको केन्द्रविन्दुबाट २५/२५ मिटर दायाँबायाँ संरचना बनाउन रोक लगाएको हो । सडक मापदण्ड बाहिर संरचना निर्माण गर्नुपर्ने भएमा सडकको केन्द्रविन्दुबाट २५ मिटर सडक मापदण्ड र छ मिटर 'सेडब्याक' गरी ३१ मिटर छाडी नियमानुसार नक्सा पास गराई संरचना निर्माण गर्न अनुरोध गरिएको छ ।


## स्वस्थकर मासु खाऔं, जीवन बचाऔं

**मासु बारे:**

★ याद राखौं ६० % भन्दा बढी मानव रोगहरु पशुपन्छीबाट सर्ने गर्दछ ।
★ निरोगी पशुपन्छी मात्रै बध गरौं र चिस्यानमा राखेको स्वच्छ र सफा मासु पसलवाट मात्रै मासु खरिद गरौं ।
★ सम्भव भएसम्म वधस्थलमा बध गरिएको पशुपन्छीको मासु मात्रै उपभोग गरौं ।
★ बध गरेका पशुपन्छीको भित्र्यांश र फोहोर राम्ररी व्यवस्थापन गरौं । वधशालाको फोहोरलाई सिधै पानीको स्रोतमा नफालौं ।
★ छाला सहित भन्दा छाला रहित मासु स्वास्थ्यका लागि उपयुक्त हुन्छ भन्ने कुराको हेक्का राखौं ।

**माछा बारे:**

★ माछामा पाइने Omega–3 fatty acid ले मानसिक विकासमा सहयोग पुऱ्याउनुका साथै anti–ageing का लागि महत्वपूर्ण रसायनको रुपमा प्रयोग गरिन्छ ।
★ यसमा भिटामिन ए र भिटामिन बि२ प्रचुर मात्रामा पाइन्छ ।
★ मुटुका बिरामीले समेत दैनिक २ पटक सम्म माछाको उपभोग गर्न सक्दछन् ।
★ माछा खरिद गर्दा सकेसम्म जीवित माछा नै खरिद गर्दा बेस हुन्छ ।
★ ताजा माछा र बासी माछा छुट्याउने तरिका सबै उपभोक्ताले जानेको बेस हुन्छ ।
★ ताजा माछाको गिल्स उज्यालो रातो हुन्छ भने बासी माछाको हकमा खैरो र सिंगान लागेको जस्तो हुन्छ ।
★ याद राखौं-ताजा माछाको शरीरमा औंलाले थिच्दा गड्दैन भने बासी माछाको हकमा औंला गडेको डाम बस्छ ।

**अण्डा बारे:**

★ सम्पूर्ण पोषक तत्वको एक प्याकेज अण्डाको नियमित सेवन गरौं ।
★ प्रोटिन, फ्याट, भिटामिन ए., बि., डि. तथा फोसफोरस र सेलेनियम को एउटै भरपर्दो स्रोतका रुपमा अण्डालाई लिइन्छ ।
★ दिनको दुईवटा अण्डा सेवन गर्दा शरीरलाई दैनिक चाहिने झण्डै आधा प्रोटिनको परिपूर्ति हुन्छ ।
★ बालवृद्ध, गर्भवती, सुत्केरी जस्ता सबै शारीरिक अवस्थाका व्यक्तिका लागि अण्डा सहजै पाच्य प्रोटिनको रुपमा उपलब्ध गराउन सकिन्छ ।
★ मासु भन्दा सुपथ मूल्यमा उपलब्ध हुने भएकाले दैनिक उपभोग गर्न सकिने ।
★ प्रोटिनको प्याकेज अण्डा, दैनिक दुई वटा खानामा तागत र स्फूर्ति बढ्नेछ सधै सबैको ज्यानमा ।

**गण्डकी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**पोखरा, नेपाल**
**सम्पर्क नः ०६१–४६७७३२/४६७७३३**


# विद्यालयमा पढाइसँगै सीप

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ जेठ

म्याग्दीका बेनी नगरपालिकाका विद्यार्थीलाई पढाइसँगै सीप सिकाउन थालिएको छ । नगरपालिकाको 'हामी सक्छौँ, हामी गर्छौँ' कार्यक्रममार्फत माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयमै सीप सिकाउन थालिएको हो । नगर प्रमुख सुरत केसीले विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्न कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

"माध्यमिक तहको शिक्षा हाँसिल गरेका विद्यार्थीले आफ्नो रुचि अनुसारको व्यवसाय गरी आयआर्जन र आफ्नो घर, टोल छिमेकमा आवश्यकपर्ने काम गर्नसक्ने बनाउने लक्ष्य छ," उहाँले भन्नुभयो "यसपाली वडाको एकवटा माध्यमिक विद्यालयमा सञ्चालन गरिएको कार्यक्रम आगामी वर्ष सबै विद्यालयमा लागू गर्ने तयारीमा छौँ ।" हाउस वायरिङ, पलम्बिङ, कपाल काट्ने, अतिथि सत्कार, खाना पकाउने, प्रेसर कुकर बनाउने लगायतका सीपमूलक तालिम सञ्चालन गर्न नगरपालिकाले १० वटा वडाका लागि चालु आर्थिक वर्षमा रु एक/एक लाखका दरले रु दश लाख विनियोजन भएको छ । वडा नं ९ मा रहेको राष्ट्रिय र गलेश्वर माविका विद्यार्थीहलाई हाउस वाइरिङसम्बन्धी तालिम दिइएको छ । वडा नं १ रत्नेचौरको भानु र अर्जमको रामचन्द्र माविका विद्यार्थीका लागि पनि हाउस वायरिङ तालिम सञ्चालन भइरहेको नगरपालिकाका- शिक्षा अधिकृत कमलप्रसाद ढकालले बताउनुभयो ।